मिक्वाखोला गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

थलङ, ताप्लेजुङ
१ नं. प्रदेश, नेपाल

## गाउँ कार्यपालिकाको उपस्थिति तथा निर्णय

बैठक मितिः २०७९/१०/१० मंगलबार बैठक सङ्ख्याः ०८

बैठक प्रारम्भ समयः ०३:०० बजे अपरान्ह् बैठक समापन समयः ६:०० बजे अपरान्ह

| क्र.स. | पदाधिकारीको नाम | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| 1. | श्री भक्त बहादुर कार्की | अध्यक्ष | | |
| 2. | श्री डण्डु लामा शेर्पा | उपाध्यक्ष | | |
| 3. | श्री ललित नारायण यादव | नि.प्रमुख प्रशासकीय अधिकृत | | |
| 4. | श्री राम कुमार लिम्बु | वडा नं. १ अध्यक्ष | | |
| 5. | श्री झरेन्द्र प्रसाद थापा | वडा नं. २ अध्यक्ष | | |
| 6. | श्री मचिन्द्र कुमार लिम्बु | वडा नं. ३ अध्यक्ष | | |
| 7. | श्री सदन कुमार लिम्बु | वडा नं. ४ अध्यक्ष | | |
| 8. | श्री ग्यान्जे शेर्पा | वडा नं. ५ अध्यक्ष | | |
| 9. | श्री फुपुलामु शेर्पा | का.पा. सदस्य | | |
| 10. | श्री सरिता गहते | का.पा. सदस्य | | |
| 11. | श्री लछीमाया विश्वकर्मा | का.पा. सदस्य | | |
| 12. | श्री सलिना बराईली | का.पा. सदस्य | | |
| 13. | श्री मदन कुमार विक | का.पा. सदस्य | | |

अन्य उपस्थितिः

| | | | | |
|---|---|---|---|---|
| १ | श्री गजेन्द्र थलङ | योजना शाखा प्रमुख | | |
| २ | श्री सुमन गिरी | सूचना प्रविधि अधिकृत | | |
| ३ | श्री घनेन्द्र थापा | अध्यक्ष निजि सचिव | | |
| ४ | श्री पवन भट्टराई | प्रशासन शाखा प्रमुख | | |
| ५. | श्री प्रशान्त खतिवडा | आर्थिक प्रशासन शाखा प्रमुख | | |

| | | | |
|---|---|---|---|
| ६. | श्री केशव सरण अधिकारी | शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख | |
| ७. | श्री ऋषिराज शर्मा | उद्यम विकास प्रमुख | |

**प्रस्ताव नं. १, जिल्ला सम्नवय समितिसँग योजना सम्झौता गर्ने सम्बन्धमा।**

**निर्णय नं. १,** प्रस्ताव नं. १ माथी छलफल गर्दा . जिल्ला सम्नवय समितिको आन्तरिक कोष बाँडफाँड बाट यस गाउँपालिकाको वडा नं. २ वडा कार्यालय भवन निर्माणका लागि साझेदारी गरि जि.स.स. ताप्लेजुङ सँग सम्झैता गर्ने निर्णय सर्वसम्मत रुपमा पारित गरियो।

**प्रस्ताव नं. २, साँवा मा.वि. को भवन निर्माणको HPF सँगको साझेदारी रकम रकम भुक्तानी सम्बन्धमा ।**

**निर्णय नं. २,** प्रस्ताव नं. २ माथी छलफल गर्दा साँवा मा.वि. को भवन निर्माणको HPF सँगको यस गाउँपालिकाले व्यहोर्ने साझेदारीको रकम संघीय सरकार समपुरक कोषको अनुदान मार्फत भुक्तानी दिने निर्णय सर्वसम्मत रुपमा पारित गरियो ।

**प्रस्ताव नं. ३, खोक्लिङ खानेपानी आयोजना सम्बन्धमा ।**

**निर्णय नं. ३,** प्रस्ताव नं. ३ माथी छलफल गर्दा मिक्वाखोला गाउँपालिकाको वडा नं. १ र २ मा सञ्चालनमा रहेको वृहत खोक्लिङ खानेपानी आयोजनाको नयाँ कार्यसमिति गठन सम्बन्धी विषयमा उपभोक्ता, राजनीतिक दल तथा सरोकारवालाहरुको आम भेला मिति २०७९/१०/१५ गते वडा नं. १ को कार्यालयमा गर्ने बस्ने निर्णय सर्वसम्मत पारित गरियो।

**प्रस्ताव नं. ४, स्थानीय सरकार संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) को फारम अनुमोदन सम्बन्धमा ।**

**निर्णय नं. ४,** प्रस्ताव नं. ४ माथी छलफल गर्दा मिक्वाखोला गाउँपालिकाको स्थानीय सरकार संस्थागत क्षमता स्वमूल्याङ्कनको नतिजा सार्वजनिक गर्ने फारम अनुमोदन गर्ने सर्वसम्मत निर्णय पारित गरियो।

**प्रस्ताव नं. ५, "मिक्वाखोला गाउँपालिकाको प्राविधिक शिक्षा अध्ययन सहयोग कार्यविधि, २०७९" सम्बन्धमा।**

**निर्णय नं. ५,** प्रस्ताब नं. ५ माथि छलफल गर्दा "मिक्वाखोला गाउँपालिकाको प्राबिधिक शिक्षा अध्ययन सहयोग कार्यविधि, २०७९" पारित गर्ने सर्वसम्मत निर्णय गरियो।

**प्रस्ताव नं. ६, ओझागाउँ आ.वि. तथा बाल्देन मा.वि.को भवन निर्माण सम्बन्धमा।**

**निर्णय नं. ६,** प्रस्ताव नं. ६ माथि छलफल गर्दा ओझागाउँ आ.वि. तथा बाल्देन मा.वि.को भवन निर्माणको लागि अपुग भएको रकम समपुरक कोष मार्फत रु. १०-१० लाख थप गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

**प्रस्ताव नं. ७ योजना कार्यान्वयन सम्बन्धमा।**

निर्णय नं. ७ प्रस्ताव नं. ७ माथि छलफल गर्दा मिक्वाखोला गाउँपालिका अन्तर्गत दर्ता भएका स्थायी प्रकृतिका संस्थाहरुलाइ सो संस्थासंग सम्बन्धित योजना मात्र कार्यान्वयन गर्न सम्झैता गर्ने निर्णय पारित गरियो।

**प्रस्ताव नं. ८ सुनखानी संकलन केन्द्र सम्बन्धमा।**

निर्णय नं. ८ प्रस्ताव नं. ८ माथि छलफल गर्दा मिक्वाखोला गाउँपालिका वडा नं. १ मा रहेको सुनखानी कृषि सहकारी संस्था केन्द्रको सञ्चालनको लागि मिक्वाखोला गाउँपालिकाको कृषि शाखा प्रमुख श्री जय किसोर सिंह संयोजक तोक्ने तथा समपुरक कोषबाट ३ लाख रुपैया विनियोजन गर्ने निर्णय पारित गरियो।

**प्रस्ताव नं. ९ गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सम्बन्धमा।**

**निर्णय नं. ९** प्रस्ताव नं. ९ माथि छलफल गर्दा गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका अनुसार उद्यमीको स्तर उन्नती (आवश्यक्ता पहिचानको आधारमा) पुनर्ताजगी र एडभान्स सिप विकास तालिम कार्यक्रम उद्यमीको आवश्यक्तालाई मध्यनजर गर्दै आवश्यक प्रविधी हस्तान्तरण गर्ने निर्णय पारित गरियो।

**प्रस्ताव नं. १० प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतको आयोजना छनौट सम्बन्धमा।**

**निर्णय नं. १०** प्रस्ताव नं. १० माथि छलफल गर्दा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतको आयोजना संचालन गर्नका लागि निम्न बमोजिमका आयोजनाहरु निम्न वडामा संचालन गरिने निर्णय सर्वसम्मत पारित गरियो।

निम्नः

| क्र.सं. | आयोजनाको नाम | आयोजना संचालन हुने वडा | बजेटको श्रोत | कुल बजेट | कैफियत |
|---|---|---|---|---|---|
| १. | दुङजा देखी रातमाटे गोरेटो बाटो सोलिङ | वडा नं. १ | आई.डि.ए | ६२४००० | |
| २. | पुरानो गाउँदेखी खरबारी ट्रनिङसम्म गोरेटो बाटो मर्मत | वडा नं. २ | आई.डि.ए | २८८५०० | |
| ३. | राइगाउँ देखी खैरेनी सम्मको गोरेटो बाटो मर्मत | वडा नं. २ | आई.डि.ए | ३३५००० | |
| ४. | लेमलेम-पञ्चेश्वरी-ताङ्गु-हाङसाङचोक हुदै हाँडीखोला सम्मको मोटरबाटो सोलिङ | वडा नं. ३ | नेपाल सरकार | ८८१००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५. | फन्देमा देखी साँवा मा.वी तथा सिँम्पाल साँवाको घरमाथि सम्मको मोटरबाटो सोलिङ | वडा नं. ४ | आई.डि.ए | ६२४००० | |
| ६. | छोथाङ्गो देखी छोनाम्तिङ जोड्ने गोरेटो बाटो सोलिङ | वडा नं. ५ | आई.डि.ए | २८८५०० | |
| ७. | फुङफुङे देखी ५ नं. वडा कार्यालय सम्मको मोटरबाटो सोलिङ | वडा नं. ५ | आई.डि.ए | ३३५००० | |

**प्रस्ताव नं. ११ विपद् प्रवाभित परिवारलाई राहत सम्बन्धमा।**

**निर्णय नं. ११** प्रस्ताव नं. ११ माथि छलफल गर्दा मिक्वाखोला गाउँपालिका अन्तर्गत बसोबास गरिरहेका परिवारहरुलाइ पहिरो, आगोलागि तथा अन्य विपद् बाट भएको क्षतिको राहतबापत निम्नानुसार राहत रकम उपलब्ध गराउने निर्णय पारित गरियो।

| **क्र.सं.** | **क्षतिको किसिम** | **राहत रकम** | **कैफियत** |
|---|---|---|---|
| १. | सामान्य | बढिमा २५ हजार सम्म | |
| २. | मध्यम | बढिमा ५० हजार सम्म | |
| ३. | पूर्ण | बढिमा १ लाख सम्म | |

**प्रस्ताव नं. १२ कर्मचारीको करार अवधी थप सम्बन्धमा।**

**निर्णय नं. १२** प्रस्ताव नं. १२ माथि छलफल गर्दा मिक्वाखोला गाउँपालिका अन्तर्गत करारमा कार्यरत सम्पूर्ण कर्मचारीको करार अवधी ६ महिना (२०८० असार मसान्त) सम्म थप गर्ने निर्णय पारित गरियो।

**प्रस्ताव नं. १३ प्रतिवेदन पेश गर्ने सम्बन्धमा।**

**निर्णय नं. १३** प्रस्ताव नं. १३ माथि छलफल गर्दा मिक्वाखोला गाउँपालिका अन्तर्गत कृषि शाखाले आगामी कार्यपालिका बैठकमा गत आ.व. २०७८/७९ को तरकारी पकेट कार्यक्रमको कार्य प्रतिवेदन पेश गर्ने निर्णय पारित गरियो।

**प्रस्ताव नं. १४ मिक्वाखोला गाउँपालिकाको मेलमिलाप केन्द्र सञ्चालन कार्यविधि,२०७९ पहिलो संसोधन सम्बन्धमा।**

**निर्णय नं. १४** प्रस्ताव नं. १४ माथि छलफल गर्दा मिक्वाखोला गाउँपालिका मेलमिलाप केन्द्र सञ्चालन कार्यविधि,२०७९ को पहिलो संसोधन सम्बन्धमा सो कार्यविधिको दफा १५ र दफा २८ संसोधन गरिने तथा सो संसोधन स्थानीय राजपत्रमा प्रकाशित गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

**प्रस्ताव नं. १५ सूचिकृत मेलमिलाप कर्ता अनुमोदन सम्बन्धमा।**

**निर्णय नं. १५** प्रस्ताव नं. १५ माथि छलफल गर्दा मिक्वाखोला गाउँपालिका, न्यायिक समितिको कार्यालयले मिक्वाखोला गाउँकार्यपालिकामा सिफारिस गरेको मेलमिलाप कर्ताको सूची अनुमोदन गर्ने निर्णय सर्वसम्मत निर्णय पारित गरियो।

**प्रस्ताव नं. १६ एक शिक्षण संस्था एक उद्यम कार्यक्रम सञ्चालनका लागि विद्यालय छनौट सम्बन्धमा।**

**निर्णय नं. १६** प्रस्ताव नं. १६ माथि छलफल गर्दा एक शिक्षण संस्था एक उद्यम कार्यक्रम सञ्चालनका लागि श्री मोति मा.वि.,खोक्लिङलाई छनौट गर्ने निर्णय पारित गरियो।

**प्रस्ताव नं. १७ राष्ट्रपति रनिङ्ग शिल्ड सञ्चालन सम्बन्धमा।**

**निर्णय नं. १७** प्रस्ताव नं. १७ माथि छलफल गर्दा जिल्ला खेलकुद विकास समितिको परिपत्र बमोजिम यस गाउँपालिका अन्तर्गतका विद्यालयहरुमा स्थानीय स्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड खेलकुद प्रतियोगिता मिति २०७९ माघ २२, २३ र २४ गते श्री मोति मा.वि. खोक्लिङ मा सञ्चालन गर्ने निर्णय सर्वसम्मत पारित गरियो।

**प्रस्ताव नं. १८ सगरमाथा आधारभूत विद्यालयको कक्षा स्वीकृती प्रदान सम्बन्धमा।**

**निर्णय नं. १८** प्रस्ताव नं. १८ माथि छलफल गर्दा श्री सगरमाथा आधारभूत विद्यालय, मिक्वाखोला – २, खोक्लिङलाइ कक्षा ४ र कक्षा ५ स्वीकृत गर्ने निर्णय पारित गरियो।

**प्रस्ताव नं. १९ राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमको भवन डिजाइन परिवर्तन सम्बन्धमा।**

**निर्णय नं. १९** प्रस्ताव नं. १९ माथि छलफल गर्दा राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गतको श्री बालदेन मा.वि.को निर्माणाधिन भवनको प्राविधिक डिजाइन परिवर्तन गर्ने निर्णय पारित गरियो।

**प्रस्ताव नं. २० शिक्षकलाई सचेत गराउने सम्बन्धमा।**

**निर्णय नं. २०** प्रस्ताव नं. २० माथि छलफल गर्दा श्री मोति मा.वि., खोक्लिङको पत्र बमोजिम सो विद्यालयमा कार्यरत शिक्षक श्री जितेन्द्र अधिकारीलाई एक पटकलाई आचरण परिवर्तन गर्न र नियमित विद्यालयमा पठनपाठन गर्ने कार्यमा सहभागि हुन सचेत गराउने निर्णय पारित गरियो।

**प्रस्ताव नं. २१ कोटेशन विधिबाट निर्माणकार्य गराउने सम्बन्धमा।**

**निर्णय नं. २१** प्रस्ताव नं. २१ माथि छलफल गर्दा चालु आ.व. २०७९/८० को स्विकृत वार्षिक वजेट तथा कार्यक्रम बमोजिम निम्न मोटरबाटो तथा निर्माणकार्यहरु यस कार्यालयमा सूचिकृत भएका निम्न निर्माण व्यवसायीहरुलाई निर्माणकार्यको जिम्मा दिने निर्णय गरियो।

निम्नः

| क्र.सं. | योजनाको नाम | आयोजना कार्यान्वयन हुने स्थान | बजेट | निर्माण व्यवसायीको नाम | कैफियत |
|---|---|---|---|---|---|
| १. | मानेडाँडा गैरीगाउँ मोटरबाटो | मिक्वाखोला -१ | १० लाख | के.सी. कन्स्ट्रक्सन | |
| २. | मोति मा.वी. देखी थापा गाउँ सम्म | मिक्वाखोला १ र २ | १० लाख | Day-Night Construction | |
| ३. | पापुङ खाम्वुक मोटरबाटो | मिक्वाखोला – ५ | १० लाख | एन.एस.कन्सट्रक्सन | |
| ४. | प्रेमटोल कृषि सडक निर्माण | मिक्वाखोला - ५ | ५ लाख | पाथिभरा निर्माण सेवा | |
| ५. | डाँडागाउँ मानेडाँडा मोटरबाटो | मिक्वाखोला -१ | ५ लाख | दुर्विच निर्माण सेवा | |
| ६. | ओत्रक्मा कामीडाँडा मोटरबाटो निर्माण | मिक्वाखोला – ४ | ८ लाख | पहाडी निर्माण सेवा | |
| ७. | चिहानडाँडा देखि वडा कार्यालय सम्म मोटरबाटो निर्माण | मिक्वाखोला - ४ | ३ लाख | साँवा कन्सट्रक्सन | |

**प्रस्ताव नं. २२ नेपाल टेलिकम मोवाइल टावर माग गर्ने सम्बन्धमा।**

**निर्णय नं. २२** प्रस्ताव नं. २२ माथि छलफल गर्दा मिक्वाखोला गाउँपालिका वड नं. ०५ पापुङ स्थित सिम्बुकमा हाल सम्म कुनैपनि मोवाईल नेटवर्कको टावर नभएकोले तहाँका जनता सूचना प्रविधि लगायत सूचना आदान-प्रदान गर्नलाई समस्या भई जनजिवनमा अत्यन्त कष्टकर भएकोले उक्त क्षेत्रमा पायक पर्ने गरि 4G सेवा उपलब्ध हुने गरि नेपाल टेलिकमको टावर प्रदेश सरकार सँग माग गर्ने निर्णय पारित गरियो।

*आजको बैठक यहि अन्त्य गरियो ।*

मिक्वाखोला गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय थुम्बेदिन, ताप्लेजुङ १ नं. प्रदेश, नेपाल